# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड १०, संख्याः ३, असार ३१ गते, २०८३ साल

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।


# भाग १

# व्यास नगरपालिका ऊर्जा विकास ऐन, २०८३

नगर सभाबाट पारित मिति : २०८३।३।२७

**प्रस्तावना** : व्यास नगरपालिका भित्र स्वच्छ, भरपर्दो, दिगो, वातावरणमैत्री तथा सर्वसुलभ ऊर्जाको पहुँच सुनिश्चित गर्न, नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्न, ऊर्जा दक्षता अभिवृद्धि गर्न, ऊर्जा पूर्वाधार विकास गर्न तथा ऊर्जा क्षेत्रमा सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागिता सुनिश्चित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नेपालको संविधानद्वारा स्थानीय तहलाई प्राप्त अधिकार प्रयोग गरी व्यास नगर सभाले यो ऐन बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "व्यास नगरपालिका ऊर्जा विकास ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(ग) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "ऊर्जा" भन्नाले विद्युत, सौर्य ऊर्जा, बायोग्याँस, बायोमास, वायु ऊर्जा, जलऊर्जा तथा अन्य नवीकरणीय ऊर्जा स्रोत सम्झनुपर्छ ।

(च) “ऊर्जा आयोजना” भन्नाले ऊर्जा उत्पादन, प्रसारण, वितरण, भण्डारण वा उपयोगसँग सम्बन्धित आयोजना सम्झनुपर्छ

(छ) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ज) “नवीकरणीय ऊर्जा” भन्नाले प्राकृतिक रूपमा पुनः उत्पादन हुने ऊर्जा स्रोतबाट उत्पादन हुने ऊजा सम्झनुपर्छ ।

(झ) “समिति” भन्नाले दफा ८ बमोजिम गठन भएको नगर ऊर्जा विकास समिति सम्झनुपर्छ ।

## परिच्छेद २
## उद्देश्य तथा नीति

३. **उद्देश्य** : यस ऐनका उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) समृद्ध व्यास नगरको आधार, गुणस्तरीय उर्जाको विस्तार” भन्ने परिकल्पाना साकार पार्न नगरभित्र सबै नागरिकको ऊर्जामा पहुँच विस्तार गर्ने,

(ख) नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्ने,

(ग) ऊर्जा आयातमा निर्भरता घटाउने,

(घ) वातावरण संरक्षण तथा कार्बन उत्सर्जन न्यूनीकरण गर्ने,

(ङ) ऊर्जा दक्षता अभिवृद्धि गर्ने,

(च) हरित तथा दिगो नगर विकासलाई प्रवर्द्धन गर्ने ।

४. **नगर ऊर्जा नीति** : नगरपालिकाले देहायका आधारमा ऊर्जा नीति अवलम्बन गर्नेछ :

(क) स्वच्छ ऊर्जालाई प्राथमिकता दिने,

(ख) स्थानीय स्रोतमा आधारित ऊर्जा विकास गर्ने,

(ग) सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गर्ने,

(घ) ऊर्जा पहुँचमा समावेशिता सुनिश्चित गर्ने,

(ङ) विपन्न तथा दुर्गम समुदायलाई विशेष प्राथमिकता दिने ।

## परिच्छेद ३
## योजना तथा कार्यक्रम

५. **नगर ऊर्जा गुरुयोजना** : (१) नगरपालिकाले पाँच वर्षीय नगर ऊर्जा गुरुयोजना तयार गर्नेछ ।

(२) गुरुयोजनामा देहायका विषय समावेश गरिनेछ :

(क) ऊर्जा माग तथा आपूर्तिको अवस्था,

(ख) सम्भावित ऊर्जा स्रोतहरूको नक्साङ्कन,

(ग) सौर्य तथा वैकल्पिक ऊर्जा विस्तार योजना,

(घ) विद्युतीय सवारीसाधन पूर्वाधार,

(ङ) ऊर्जा दक्ष भवन कार्यक्रम ।

६. **प्राथमिकता प्राप्त कार्यक्रम** : नगरपालिकाले देहायका कार्यक्रम सञ्चालन गर्न सक्नेछ :

(क) घरायसी सौर्य ऊर्जा कार्यक्रम,

(ख) संस्थागत सौर्य प्रणाली,

(ग) बायोग्याँस प्रवर्द्धन,

घ) विद्युतीय चुलो प्रवर्द्धन,

(ङ) सार्वजनिक सडकबत्ती व्यवस्थापन,

(च) विद्युतीय सवारी चार्जिङ स्टेशन स्थापना,

(छ) ऊर्जा दक्ष भवन कार्यक्रम,

(ज) कृषि विद्युतीकरण कार्यक्रम ।

## परिच्छेद ४
## संस्थागत व्यवस्था

७. **ऊर्जा शाखा :** नगरपालिकाले ऊर्जा तथा जलवायु व्यवस्थापन सम्बन्धी कार्य गर्न आवश्यक शाखा वा उपशाखा स्थापना गर्न सक्नेछ ।

८. **नगर ऊर्जा विकास समिति :** (१) नगरपालिकामा देहाय बमोजिम नगर ऊर्जा विकास समिति रहनेछ :

(क) प्रमुख – संयोजक
(ख) उपप्रमुख – सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(घ) योजना तथा पूर्वाधार विकास शाखा प्रमुख – सदस्य
(ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख – सदस्य
(च) ऊर्जा क्षेत्रका विज्ञ २ जना – सदस्य
(छ) भूमि तथा भवन नियमन शाखा प्रमुख – सदस्य सचिव

(२) समितिको कार्यकाल तीन वर्षको हुनेछ । तर निर्वाचन सम्पन्न भएपछि समिति पुनर्गठन गरिनेछ ।

(३) नगर उर्जा समितिको पूर्वाधार विकास समितिको सदस्यको संयोजकत्वमा उद्योग वाणिज्य संघ प्रतिनिधि, उर्जा क्षेत्रमा काम गर्ने वा उपभोक्ता मध्येबाट एक महिला सहित २ जना र कार्यपालिकाले तोकेको एक जना प्राविधिक सदस्य सचिव रहने गरी ५ सदस्यीय व्यास नगर उर्जा विकास उपसमिति गठन गर्नेछ ।

९. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) ऊर्जा नीति तथा योजना तर्जुमा गर्ने,
(ख) आयोजना छनोट गर्ने,
(ग) कार्यक्रमको अनुगमन गर्ने,
(घ) बजेट तथा कार्यक्रम सिफारिस गर्ने,
(ङ) ऊर्जा सम्बन्धी समन्वय गर्ने ।

## परिच्छेद ५
## ऊर्जा विकास कोष

१०. **ऊर्जा विकास कोष स्थापना :** (१) नगरपालिकामा "व्यास नगरपालिका ऊर्जा विकास कोष" स्थापना गरिनेछ ।

(२) कोषमा देहायका रकम रहनेछ :

(क) नगरपालिकाबाट विनियोजित रकम,
(ख) संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान,
(ग) विकास साझेदारबाट प्राप्त सहयोग,
(घ) निजी क्षेत्रबाट प्राप्त योगदान,
(ङ) अन्य कानुनी स्रोतबाट प्राप्त रकम ।

११. **कोष सञ्चालन :** कोष सञ्चालन सम्बन्धी व्यवस्था कार्यपालिकाले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ ।

## परिच्छेद ६
## प्रोत्साहन तथा सहुलियत

१२. **अनुदान तथा प्रोत्साहन** : नगरपालिकाले देहायका क्षेत्रमा अनुदान वा सहुलियत उपलब्ध गराउन सक्नेछ :

(क) सौर्य ऊर्जा जडान,
(ख) बायोग्यास प्लान्ट,
(ग) विद्युतीय चुलो,
(घ) ऊर्जा दक्ष उपकरण,
(ङ) सामुदायिक ऊर्जा आयोजना ।

१३. **कर तथा शुल्क सहुलियत** : नगरपालिकाले प्रचलित कानुन बमोजिम ऊर्जा प्रवर्द्धनका लागि स्थानीय शुल्कमा छुट वा सहुलियत दिन सक्नेछ ।

## परिच्छेद ७
## वातावरण तथा सुरक्षा

१४. **वातावरणीय दायित्व** : ऊर्जा आयोजना सञ्चालन गर्दा वातावरणीय संरक्षण सम्बन्धी प्रचलित कानुनको पालना गर्नुपर्नेछ ।

१५. **सुरक्षा मापदण्ड** : ऊर्जा आयोजना निर्माण तथा सञ्चालन गर्दा स्वीकृत प्राविधिक तथा सुरक्षा मापदण्ड पालना गर्नुपर्नेछ ।

१६. **विपद् व्यवस्थापन** : ऊर्जा पूर्वाधारलाई विपद् प्रतिरोधी बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

## परिच्छेद ८
## अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

१७. **अनुगमन** : नगरपालिकाले ऊर्जा कार्यक्रमको नियमित अनुगमन गर्नेछ ।

१८. **वार्षिक प्रतिवेदन** : प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र ऊर्जा क्षेत्रको प्रगति प्रतिवेदन नगर सभामा पेश गरिनेछ ।

## परिच्छेद ९
## कसुर तथा सजायँ

१९. **झुट्टा विवरण पेश गरेमा** : अनुदान प्राप्त गर्न झुट्टा विवरण पेश गर्ने व्यक्ति वा संस्थाबाट प्राप्त रकम असुलउपर गरिनेछ र प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

२०. **सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याएमा** : ऊर्जा पूर्वाधारमा क्षति पुऱ्याउने कार्य भएमा मूल्याङ्कन अनुसार क्षति पुऱ्याउने व्यक्तिबाट असुलउपर गरिनेछ ।

## परिच्छेद १०
## विविध

२१. **साझेदारी गर्न सक्ने** : नगरपालिकाले संघ, प्रदेश, निजी क्षेत्र, सहकारी तथा सामुदायिक संस्थासँग साझेदारी गर्न सक्नेछ ।

२२. **नियम, कार्यविधि तथा निर्देशिका बनाउने अधिकार** : यस ऐनको कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाउन सक्नेछ ।

२३. **बाधा अड्काउ फुकाउने अधिकार** : यस ऐनको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार हुनेछ ।

२४. **बचाउ** : यस ऐन लागू हुनुअघि ऊर्जा क्षेत्रमा भएका कानुनी कार्यहरू यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ ।

२५. **बाझिएको हकमा** : यस ऐनमा लेखिएका प्रावधानहरु संघ, प्रदेशबाट निर्माण भएका कानुनहरुसँग बाझिएको हकमा बदर हुनेछ ।

**आज्ञाले**
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत